# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No: ०८१।८२
च.नं.(Dispatch No):-

मितिः२०८१।०७।२९

## प्रेस विज्ञप्ती

मिति २०८१।०७।२९ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३५औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** आर्थिक वर्ष २०८१/०८२ को वार्षिक विकास कार्यक्रम अन्तर्गत अर्जुनचौपारी गाउँपालिका भित्रका आमा समुह र कृषक समूहलाई आलुको बिउ वितरण सम्बन्धी सूचना प्रकाशन गरिएकोमा समुहहरुबाट अत्याधिक माग र आलु उत्पादन प्रति उत्साह धेरै भएकोले आलु प्रवर्द्धन कार्यक्रम शीर्षकबाट अपुग आलुको बिउ पुनःखरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकाभित्रका किसानहरूलाई व्यावसायिक खेती तर्फ प्रोत्साहन गर्न अर्जुनचौपारी गाउँपालिकाले आफ्नै पहलमा नमुना व्यावसायिक खेती सञ्चालन गर्नको लागि जग्गा लिजमा लिने सूचना प्रकाशन गरिएकोमा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी बासिन्दाहरूले नब्बे फाँटमा ४० रोपनी दिने भनी स्वघोषणा पत्र पालिकालाई प्रदान गरेको हुँदा प्रति रोपनी वार्षिक रु १० हजारका दरले जग्गाधनीलाई प्रदान गर्ने गरी कम्तिमा ५ वर्षका लागि सम्झौता प्रकृया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाभित्र रहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न अर्जुनचौपारी गाउँपालिकाको सामुदायिक सिकाइ केन्द्र सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाभित्रका विपन्न व्यक्तिहरूको आर्थिक अवस्था कमजोर भई आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग स्वास्थ्य उपचारबाट बञ्चित भएका नागरिकहरूको स्वास्थ्यमा टेवा पुर्‍याउनको लागि अर्जुनचौपारी गाउँपालिकाको विपन्न नागरिक स्वास्थ्य बिमा सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८१/०९/२ गते अर्जुनचौपारी गाउँपालिका ५ नं. वडा कार्यालय, पिपलडाँडामा आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गरिएको अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक अवधिको आय व्यय विवरण उपर छलफल गरी आय व्यय सार्वजनीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिकाको दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड/शैक्षिक महोत्सव कार्यक्रम मिति २०८१/०८/०६ देखि ०८ गते सम्म अर्जुनचौपारी खेलमैदान अर्जुनचौपारीमा भव्य र सभ्य रुपमा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प.सं.(Reference No): ०८१।८२

च.नं.(Dispatch No):-


निर्णय नं. ८ अर्जुनचौपारी गाउँपालिका भित्र खानेपानी सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणालीको डाटा लिने कामका लागि प्रदेश सरकारबाट प्राप्त भएको बजेटबाट डोर हाजिरीमा कामकाज गर्ने गरी १ जना कर्मचारी खटाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ९ अर्जुनचौपारी गाउँपालिका भित्र सम्पत्ति/मालपोत कर प्रयोजनका लागि सम्पत्ति मूल्याङ्कनको दर हेरफेर गर्नका लागि प्रत्येक वडाबाट सडकसँग जोडिएका रहेको जग्गाको मूल्याङ्कन दरको विवरण सङ्कलन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १० अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्वन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणको लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ११ उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्य संस्थालाई प्रोत्साहन तथा सम्मान गरी स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवालाई पारदर्शी बनाउनका लागि अर्जुनचौपारी गाउँपालिकाको स्वास्थ्य संस्था प्रोत्साहन तथा सम्मान सम्वन्धी मापदण्ड, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२ अर्जुनचौपारी गाउँपालिका भित्र सामुदायिक सिकाइ केन्द्रको सञ्चालन एवं व्यवस्थापन गर्न तपसिल बमोजिमको सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवं व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| | |
|---|---|
| श्री बोधनारायण रेग्मी | संयोजक |
| श्री गेजा शर्मा अर्याल | सदस्य |
| श्री दुर्गा बहादुर रोका | सदस्य |
| श्री मीना सुनार | सदस्य |
| श्री हुमादेवी अर्याल | सदस्य |
| श्री दुर्गा प्रसाद गौतम | सदस्य |
| श्री केशव प्रसाद ढकाल | सदस्य |
| श्री दुर्गा अर्याल पोखेल | सदस्य |
| श्री समुदाय परिचालक | सदस्य-सचिव |

धन बहादुर गुरुङ

प्रवक्ता

धन बहादुर गुरुङ

प्रवक्ता



CamScanner